राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ४५, असार १० गते शुक्रबार, २०७९ (24 June, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# सत्ता–गणित र पालो पुऱ्याउने फेरबदल

## एकै कार्यकालमा २ चोटि विघटन, प्रदेशप्रमुख र मुख्यमन्त्री ३ चोटि परिवर्तन

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** परम्परागत भनिएको संसदीय व्यवस्थामा होस् वा परिवर्तित, परिष्कृत र परिमार्जित भनिएको वर्तमान सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक संसदीय व्यवस्थामा नै किन नहोस्- नेपालका कुनै पनि सरकारले एउटा पाँचवर्षे कार्यकाल पूरा गर्न सकेका छैनन् । अझ प्रतिनिधिसभा त पटक-पटक विघटन भई या त सर्वोच्च अदालतबाट पुनर्स्थापना भएका छन् नत्र मध्यावधि चुनाव नै भएका छन् ।

केन्द्रीय अर्थात् सङ्घीय संसद् र सरकारको कुरा छाडौं, नेपालमा पहिलो पटक अभ्यासमा आएका प्रदेशसभाहरू र प्रदेश सरकारहरूको हालत झन् लाजमर्दो देखिएको छ । कुनै पनि कार्यकारी अधिकार र राजकीय शक्ति नै नभएका, जनताको रगत-पसिनाबाट सङ्कलित राज्यकोषको दोहन मात्रै गरेर पालिएका आलङ्कारिक प्रदेश प्रमुख समेत सङ्घीय सरकारमा फेरबदल आएसँगै बदलिने गरेका छन् । पाँच वर्ष नबित्दै एउटै प्रदेशमा चार पटकसम्म प्रदेशप्रमुखको फेरबदल भइसकेको छ । प्रदेशसभा विघटित त भएका छैनन् तर मधेशबाहकेका सबै प्रदेशमा मुख्यमन्त्री दुई-दुई पटक बदलिइसकेका छन् र तेस्रो पटक बदलिने तर्खरमा छन् । प्रदेश सरकारहरूमा मन्त्रीहरूको सङ्ख्यामा विस्तार र फेरबदलमा त आपत्तिजनक हिसाबले अराजकता नै मच्चिइसकेको छ ।

मुलुकमा सङ्घीय शासन प्रणाली लागू भए तापनि मुख्य भनिएका राजनीतिक दलका शीर्ष भनिएका नेताहरू स्वयम् नै सङ्घीयताप्रति घोर अनुदार, अस्पष्ट र अन्योलग्रस्त देखिएका छन् । प्रदेश र स्थानीय तहलाई अधिकारसम्पन्न, पूर्ण र स्वायत्त भनिए तापनि ती सबै नै मूलतः केही शीर्ष भनिने नेताहरूको तजबिजमै चलिरहेको स्पष्टै देखिएको छ । अधिकारहरूको प्रत्यायोजन, स्रोत-साधन र शक्तिको

क्रमशः अन्तिम पृष्ठमा

सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं !

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मूल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्यांकी नियमितरूपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाल–भारतबीच के–कस्ता छन् समस्या ?

**काठमाडौं ।** नेपालका सीमावर्ती १५ जिल्लाका ६ सय ६८ स्थानमा भारतीय नागरिकले भोगचलन गर्दै आएका तथा नेपाली नागरिक पनि सीमावर्ती भारतीय भूभागका २ सय ७४ स्थानमा खेतीपाती गर्ने गरेकाले दुवै देशले आ-आफ्ना नागरिकलाई व्यवस्थापन गर्नुपर्नेमा सो कार्यान्वयनको तहमा जान सकेको छन् ।

भारतसँग सीमा कायम गर्ने ८ हजार ५ सय ५३ वटा स्तम्भ रहे पनि सबैको दुरुस्त अवस्था राखिएको छैन । सीमा स्तम्भमध्ये ठूला स्तम्भ ९ सय १६, मझौला २ हजार ४ सय ८१ र साना सीमास्तम्भ ५ हजार १ सय ५६ वटा छन् । पछिल्लो आँकडाअनुसार २ हजार २ सय बढी स्तम्भ अझै हराइरहेका छन् । स्तम्भ हराएका ठाउँमा भारतीय पक्षबाट सीमा अतिक्रमणका घटना बर्सेनि दोहोरिने गरेका छन् ।

भारतीय पक्ष पूर्वमा मेची नदीले ८० किलोमिटर र पश्चिममा महाकाली नदीले २०० किलोमिटर, नारायणी नदीले २० किलोमिटर, राप्ती नदीले ६ किलोमिटरसहित अन्य बाँकीले २ सय ५९ किलोमिटर सीमा छुट्याइएका क्षेत्रमा अनधिकृत संरचना बनाउनेदेखि पानीको बहावलाई छेक्नेसम्मका गतिविधिमा संलग्नता रहँदै आएको देखिन्छ ।

# एमसीसी : यथार्थता र दुष्प्रभाव

आम जनताको व्यापक विरोध र प्रतिरोधका बावजुद 'व्याख्यात्मक टिप्पणी' सहित तथाकथित मिलेनियम च्यालेन्ज कर्पोरेसन अर्थात् एमसीसी सम्झौता केही महिनाअघि नेपालको संसदबाट अनुमोदन गरियो । अफसोचको विषय हो कि नेपाललाई अमेरिकी हिन्द-प्रशान्त रणनीतिको मोहरा बन्नबाट रोक्न हामी देशभक्तहरू असफल रह्यौं ।

एमसीसी सम्झौतामा श्रृङखलाबद्धरूपमा धेरै नै विवादास्पद बुँदाहरू छन् र मुख्यतः त्यो सम्झौता हाम्रा राष्ट्रिय कानुनमाथि नै हावी हुन पुगेको छ । संसदको अंकगणितीय खेल र एमालेको मौनतायुक्त समर्थनजस्ता कारणले हामी भूराजनीतिको सवालमा छिमेकीहरूका माझ पक्षाघातले थलिएको एउटा कठपुतली र सुदूर देशको आहारामा निर्भर हुनुपर्ने पंछीजस्तो बन्न विवश हुनुपर्ने अवस्था सिर्जित भएको छ ।

कुनै पनि बाह्य अनुदान अमेरिकी कानुन र नीतिभन्दा माथि हुन नसकेजस्तै एमसीसीका अमेरिकी अधिकारीहरू नेपालका कानुनहरूभन्दा माथि, सर्वोच्च स्थानमा रहन सक्ने कुरै हुँदैन । तर, त्यो सम्झौताले नेपालको क्षेत्राधिकारभित्र दिनदहाडै हात लम्काएको छ । लोकतान्त्रिक समाजमा अपराधीलाई उन्मुक्ति दिन सकिँदैन ।

**देशका निम्ति सबैखाले विकास अपरिहार्य छ । आर्थिक र भौतिक संरचनाहरूको निर्माण मात्र होइन; सामाजिक, सांस्कृतिक र शैक्षिक विकासको आवश्यकता पनि यथावत् नै छ । तर, साम्राज्यवादी स्वार्थ लाद्ने, परराष्ट्र सम्बन्ध खल्बल्याउने अनि राष्ट्रिय सार्वभौमिकता नै बन्धक हुने एमसीसीजस्ता परियोजना भित्र्याएर भने हाम्रो भविष्य सुनिश्चित हुन सक्दैन ।**

**समय-सन्देश**

तर, परियोजनामा कार्यरत अमेरिकी अधिकारीहरूले कुनै गलत काम गरेमा तिनलाई नेपालको अदालतमा पेस गर्न नपाइनेजस्ता गम्भीर बुँदाहरू सो सम्झौतामा उल्लेखित छन् ।

त्यसैगरी, सो परियोजनाको अन्तिम लेखापरीक्षण (अडिट) अमेरिकालाई नै हस्तान्तरण गरिनेछ र त्यसमा नेपालको महालेखा नियन्त्रकको कार्यालयबाट कुनै पनि सहभागिता

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ४५, असार १० गते शुक्रबार, २०७९

## सम्पादकीय

# जालझेल र आरोपप्रत्यारोप नगर, एसपीपी अस्वीकृत गर !

स्वघोषित महाशक्ति राष्ट्र अमेरिकाले विकासशील राष्ट्र नेपालप्रति लामो समयदेखि निरन्तर गिद्देनजर लगाउँदै आइरहेको छ। नेपाल र नेपालीको आर्थिक दूरावस्थाको नाजायज फाइदा उठाउँदै नेपालीको भावनामाथि खेलबाड गर्ने यसखाले अमेरिकी हर्कत सर्वथा निन्दनीय छ।

नेपालजस्तो विपन्न, भौगोलिकरूपले एवम् जनसङ्ख्याका दृष्टिले सानो अनि दूरीका हिसाबले समेत निकै टाढाको राष्ट्रमाथि अमेरिकाजस्तो स्वघोषित सम्पन्न, वैभवशाली, समृद्ध र जनसङ्ख्या अनि भूगोल समेतका हिसाबले निकै ठूलो राष्ट्रले किन यसरी निरन्तर प्रताडना दिइरहन्छ ? विषय निकै विचारणीय छ। नेपालका प्राकृति सुन्दरताको रसास्वादन, सस्तोमा पाइने वस्तु र सेवाको उपभोग अनि यहाँका खनिज र प्राकृति सम्पदाको दोहनका निम्ति मात्रै अमेरिकाले नेपालमाथि निरन्तर उसका विषालु दाह्रानङ्ग्रा गाड्दै आइरहेको हो त ? केही हदसम्म यो कुरा पनि साँचो नै हो तर मुख्य कारण भने यहाँको सामरिक अवस्थिति नै हो।

मूलतः अमेरिकालाई चौतर्फी चुनौती दिँदै ऊभन्दा समृद्ध, शक्तिशाली र दूरगामी महाशक्तिका रूपमा उदाउँदै गरेको चीन नेपालको उत्तरी सीमानामा अवस्थित छ। दक्षिणतर्फको विशाल भारत चीनसँग जोरी खोज्ने अमेरिकी रणनीतिमा उति धेरै कामलाग्दो छैन। अनेकौं असमान सन्धि-सम्झौता, सहयोग र अनुदान नामका विभिन्न आयोजना-परियोजना र शिक्षा, तालिम, सैन्य-सहयोग आदि बहानामा नेपालमा निरन्तर कूटनीतिक, प्राविधिक र सैन्य अखडा जमाएर चीनको चुनौतीबाट अमेरिकी स्वार्थरक्षाको प्रयत्नका लागि नेपाली भूमि सर्वाधिक अनुकूल छ।

यही उद्देश्यका साथ अमेरिकाले केही अघि मात्र चरम विवादास्पद र राष्ट्रघाती एमसीसी सम्झौता नेपाल र नेपालीमाथि थोपरिसकेको छ। र, अब फेरि अर्को झन् घातक एसपीपी लाद्ने प्रपञ्च गरिरहेको छ। अतः नेपाललाई सामरिक स्वार्थको क्रीडास्थल बन्न नदेऊ, कुनै पनि बहाना, आवरण, आरोपप्रत्यारोप र जालझेलविना सिधासिधै एसपीपीलाई अस्वीकृत गर !

## एमसीसी...

हुन नसक्ने लेखिएको छ। सो अपमानजनक सम्झौताको व्याख्या गर्ने पूर्ण अधिकार समेत अमेरिकासँग मात्र निहित रहेको भनिएको छ।

उक्त सम्झौता लागू गरिए नेपालमा ठूलो संख्यामा रोजगारी सिर्जना हुने, भरपर्दो ऊर्जा प्रवाह हुने र यातायात क्षेत्र धेरै सस्तो हुने या न्यूनतम शुल्क कायम हुने भनी एमसीसीको प्रस्तावक संयुक्त राज्य अमेरिकाले ठोकुवा नै गरेको छ। अझ त्यसका नेपाली समर्थकहरू त एमसीसी लागू भएपछि पूर्वाधार निर्माणको क्षेत्रमा फड्को नै मारिने र सामाजिक विकासमा समेत निकै ठूलो प्रवदर्द्धन हुने दावी गरिरहेका छन्। तर, के ती बाचाहरू पूरा हुन सक्छन् त ? सम्झौताका कुनै पनि बुँदाहरूले ती बाचाहरू पूरा हुँदै जाने क्रममा नेपालको सार्वभौमिकतामा खलल नपुग्ने कुराको प्रत्याभूति गर्न, आश्वस्त तुल्याउन र ग्यारेन्टी गर्न सकेका छैनन्।

### दुष्परिणाम के-के ?

संसदबाट एमसीसी अनुमोदन भइसकेको वर्तमान सन्दर्भमा अमेरिकाले नेपालमा के-कस्ता गतिविधि सञ्चालन गर्न सक्ने सम्भावनाहरू छन् त ? सर्वप्रथमतः 'सुरक्षा संवेदनशीलता' को कृत्रिम विषय उठान गरेर अमेरिकी सरकारले नेपालमा आफ्ना सैन्य अधिकारीहरू खटाउन भरमग्दुर प्रयास गर्न थालिसकेको छ।

यस प्रकारका अमेरिकी हर्कतले छिमेकी देशहरूसँग युगौँदेखि रहिआएको नेपालको सुमधुर सम्बन्धलाई तिक्ततापूर्ण गराउने निश्चित छ। छिमेकी देशहरूसँगको हाम्रो राजनीतिक सम्बन्धमा प्रत्यक्षतः हस्तक्षेप गर्ने अमेरिकी मनसाय छर्लङ्ग हुँदै गइरहेको छ। देशभरि हुन सक्ने उसका कुनै पनि सैन्य गतिविधिलाई नेपालको कानुन र सुरक्षाकर्मीले रोकतोक गर्न नपाउने-नसक्ने अवस्था सिर्जना भइरहेको छ। नेपालमाथिका निर्लज्ज अमेरिकी हर्कतहरूको विरोध गर्ने देशभक्त र सच्चा नेपालीहरूले क्रमशः 'ठेगान' लगाउने साम्राज्यवादी नीति पनि लुकेको छैन।

सर्वाधिक चिन्ताको विषय त यो छ कि नेपालको संसदबाटै सहजै ढंगले अमेरिकी हितको प्रवदर्द्धन गर्ने खालका कानुनहरू समेत अनुमोदन गराउन सक्ने परिस्थिति निर्माण गरिँदै गरेको देखिन्छ। इतिहासको रछ्यानमा मिल्किइसकेका प्रतिगामी तत्त्वहरू, अनेकौं सन्देहास्पद मामिलामा मुछिएका अराजनीतिक र बदनाम पात्रहरू इत्यादिलाई क्रमशः नेपालको राजनीतिमा स्थापित गराउने प्रपञ्च हुँदै गरेको स्पष्ट देखिँदै छ।

एमसीसी सम्झौतामा भनिएजस्तो त्यसले केही मात्रामा रोजगारीका सम्भावनाहरू त सिर्जना गर्न पनि सक्ला। तर, ती अल्पकालीन महत्त्वका विषय हुन् किनकि परियोजनाको धेरैजसो लगानी स्थानीय विकास र उद्यमशीलताको प्रवर्द्धन गर्ने किसिमको हुने छैन। त्यो लगानी अमेरिकी, युरोपियन र अमेरिका पक्षधर अरू देशहरूका कम्पनीलाई नै प्रवदर्द्धन र संरक्षण गर्ने किसिमबाट हुने कुरा स्पष्टै देखिइसकेको छ। र, ती महँगा पूर्वाधारहरू निर्माण भएको अवस्थामा पनि तिनको सञ्चालन र संरक्षणमा नेपालले वर्षेनि निकै ठूलो लगानी व्यहोर्नु पर्नेछ।

छिमेकीहरूसँग सुमधुर सम्बन्ध कायम राख्न नसक्दा इराक, इजिप्ट, अफगानिस्तानजस्तै नेपाली भूमी पनि अन्ततः संसारभरिका आतंककारी-हरूको क्रीडास्थल बन्ने खतरा टड्कारो छ। अमेरिकी साम्राज्यवादको उक्साहट, बदनियत र एक किसिमको औपनिवेशिकता व्यहोरेको युक्रेनले भोगिरहेको दुर्दशा त कसैबाट पनि छिपेको छैन। अमेरिकी सहयोग नियोग यूएसएआईडीले समेत एमसीसीलाई अमेरिकाको वैदेशिक सहायताको इतिहासमा 'मार्सल प्लान' र 'प्रोग्रेसिभ एलायन्स' पछिको असाध्यै जटिल र विवादास्पद कार्यक्रम भनेको छ।

### संसरभर असफल एमसीसीका कथा

एमसीसीको तथाकथित सानदार इतिहासबारे सामान्य नजर लगाउने हो भने यही नाममा साम्राज्यवादले सन् २००४ देखि २०१९ सम्ममा विभिन्न २९ देशसँग ३७ वटा सम्झौता गरिसकेको देखिन्छ। सन् २०१६ मा तान्जानियाको जन्जिबारमा भएको चुनावमा 'एमसीसी परियोजना रद्द हुन सक्ने' चेतावनीसहित अमेरिकाले हस्तक्षेप गर्ने दुस्साहस गऱ्यो। ५८ प्रतिशत मत प्राप्त गरेर विजयी भएका तत्कालीन राष्ट्रपति मागाफुलीका बिरुद्ध एमसीसीमार्फत अमेरिकाकै योजनामा विपक्षी उम्मेदवारलाई उक्साउने काम भएको थियो।

फिलिपिन्सका प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति रोड्रिगो दुत्रेतोले लागूऔषधले आफ्नो देशभित्र निम्त्याएको हिंसा-आतंक अन्त्यका लागि पहलकदमी लिँदा 'मानवअधिकार हनन गरेको' गम्भीर आरोप लगाउँदै अमेरिकाले एमसीसी परियोजना रद्द गर्ने धम्की दिएको थियो। त्यसपछि दुत्रेतो प्रशासनले सन् २०१९ मा दोस्रो चरणको अनुदान लिन अस्वीकार गऱ्यो।

घानाका किसानहरूको हित गर्ने र कृषि उत्पादन एवं कृषि व्यवसाय प्रवदर्द्धन गर्ने बहानामा एमसीसी परियोजनाले जलविद्युत् छेत्रलाई निजीकरण गर्ने प्रस्ताव गरेको थियो। अमेरिकाको कुत्सित मनसाय बुझेर त्यहाँको सरकारले सन् २०१९ मा त्यसलाई सम्झौता रद्द गरिदियो। एमसीसी परियोजना स्वीकार गरेका देशहरूमध्ये कमै देशले मात्र नवीकरण गरेका छन्।

### नेपाल सन्दर्भ

रणनीतिक महत्त्वका दुई दक्षिण एशियाली राष्ट्र नेपाल र श्रीलंकालाई लक्षित गरी अमेरिकाले यी देशमा सन् २०१७ देखि एमसीसी परियोजना लाद्ने प्रयास अघि बढाउँदै आएको हो। उक्त अमेरिकी प्रस्तावलाई 'नयाँ साम्राज्यवाद' र 'सैनिक अखडा स्थापना गर्ने कुत्सित चाहना' ठहर गर्दै श्रीलंकन सरकारले ठाडै अस्वीकार गऱ्यो।

### संश्लेषण

नेपाल राष्ट्र अझै पनि अल्पविकसित वा विकासोन्मुख या विकासशील राष्ट्र हो भन्ने कुरामा दुईमत छैन। हाम्रो देशका निम्ति सबैखाले विकास अपरिहार्य छ। आर्थिक र भौतिक संरचनाहरूको निर्माण मात्र होइन, सामाजिक, सांस्कृतिक र शैक्षिक विकासको आवश्यकता पनि यथावत नै छ। तर, यी आवश्यकताको परिपूर्ति गर्नेभन्दा पनि साम्राज्यवादी स्वार्थ लाद्ने, परराष्ट्र सम्बन्ध खल्बल्याउने अनि राष्ट्रिय सार्वभौमिकता नै बन्धक हुने एमसीसीजस्ता परियोजना भित्र्याएर भने हाम्रो भविष्य सुनिश्चित हुन सक्दैन।

संसदबाट 'व्याख्यात्मक घोषणा' सहित एमसीसी परियोजना पास गरिसकिएको भए तापनि त्यसको कार्यान्वयन प्रक्रिया बाँकी नै छ। यो अवस्थामा एमसीसीले नेपालमा निम्त्याउन सक्ने सबैखाले नकारात्मक पक्षहरूबारे देशभक्तहरूले उच्च सतर्कताका साथ जनतालाई सचेत बनाउनैपर्छ। आन्तरिक मामिलामा अमेरिका मात्र नभई कुनै पनि देशको हस्तक्षेप सह्य र र स्वीकार्य हुनै सक्दैन।

मुख्यतः हामी भू-राजनीतिक स्वार्थको भुमरीमा फस्नै हुँदैन; पञ्चशीलको सिद्धान्तलाई आत्मसात् गर्दै विकासका कार्यक्रमहरूमा सर्वप्रथमतः छिमेकी चीन र भारतलाई बराबरी हैसियतले साथमा लिएर हिँड्नुको विकल्प छैन। विकास र मित्रताका नाममा आउने जुनसुकै वैदेशिक अनुदान स्वीकार्य छ तर त्यसैको बहानामा नेपालको सार्वभौमिकतामाथि भने थोरै पनि आँच आउनु हुँदैन।

*-न्युजकोसेली डटकमबाट*

# यो सरकारले एसपीपी सम्झौता गर्दैन, ओली सरकारकै पालामा कार्यान्वयन नै पो भइसकेछ : प्रचण्ड



**काठमाडौं।** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले गठबन्धन सरकारले 'स्टेट पार्टनरसीप प्रोगाम' (एसपीपी) सझौता नगर्ने प्रष्ट पारेका छन्। २१औं रितबहादुर खड्का स्मृति दिवसका अवसरमा पार्टी मुख्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा बोल्दै सरकार नेपालको राष्ट्रियता र स्वाधिनताको पक्षमा दृढतापूर्वक उभिने र त्यस्तो खालको कुनै सम्झौता नगर्ने विश्वास उनले दिलाए।

वर्तमान सरकार यो सम्झौता गर्नेतर्फ नलाग्ने बरु यसअघिको ओली सरकारले उक्त सम्झौताको कार्यान्वयन गर्ने काम गरेको तथ्य पुष्टि भइसकेको अध्यक्ष प्रचडले जिकिर गरे। एसपीपीका विषयमा चर्चा गरेर राष्ट्रवादको झुटो प्रचार गर्ने काम भएको पनि उनले बताए।

'बरु यो एसपीपी सम्झौता कार्यान्वयन गर्ने काम सन् २०१९ मा केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको तथ्य इतिहासमा छ,' उनले भने- 'यो कुरा हामी सबैले बुझ्नु जरुरी छ। एसपीपी सम्झौता हुँदैछ रे, भई नै सक्यो रे भनेर जुन ढङ्गले प्रचार गरिएको छ, त्यो झुटो हो। प्रधानमन्त्री र गठबन्धनमा भएको छलफलअनुसार अहिलेसम्म त्यस्तो कुनै सम्झौता भएको छैन, त्यस्तो कुनै सैन्य सम्झौता हुनेछैन भन्ने घोषणा म यहींबाट गर्न चाहन्छु।'

आफूले कुनै पनि हालतमा त्यस्तो खालको सम्झौता गर्दिनँ भनेर प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिबद्धता व्यक्त गरेको जानकारी दिँदै सरकारले सम्झौता गर्न लाग्यो भनेर कोही भ्रममा पर्नु जरुरी नभएको अध्यक्ष प्रचण्डले बताए। गठबन्धन सरकार एसपीपी सम्झौता गर्नेतिर नलाग्ने विश्वास दिलाउँदै उनले भने- 'गठबन्धन त्यस्तो कुरामा लाग्दैन, हामी नेपालको राष्ट्रिय स्वाधिनता तथा विकास र समृद्धिको पक्षमा दृढतापूर्वक उभिन्छौं।'

# 'प्रधानमन्त्रीले एसपीपीमा हस्ताक्षर गर्दिनँ भन्नुभएको छ' : अध्यक्ष नेपाल

**काठमाडौं।** प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालका लागि दुरगामी असर पार्ने अमेरिकाको एसपीपी सम्झौतामा हस्ताक्षर बताएको नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले उल्लेख गरेका छन्।


नेकपा एसको बैठकमा प्रधानमन्त्री देउवाले आसन्न अमेरिका भ्रमणमा बेला स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) सम्झौता नगर्ने बताएको जानकारी गराएका हुन्।

स्थानीय तहको चुनावको समीक्षा गर्न बसेको मंगलबारदेखि सुरु भएको स्थानीय एकीकृत समाजवादीको स्थायी कमिटी बैठकमा नेता बलराम बास्कोटाले 'एसपीपीले नेपालको राजनीतिलाई दुरगामी असर पर्ने र यसमा हस्ताक्षर गर्न नहुने' भन्दै छलफलको प्रस्ताव राखेका थिए।

बैठकमा नेकपा एसका सम्मानित नेता झलनाथ खनालले एसपीपीको करिब १५ मिनेट व्याख्या गर्दै यसमा फेरि फस्न नहुने बताएका थिए- 'यो फेरि फस्ने कुरा हो, यसमा फस्न हुँदैन।'

सहभागीहरूको जवाफ दिँदै अध्यक्ष नेपालले प्रधानमन्त्री देउवाले 'अहिले सम्झौता गर्दिनँ, अमेरिका भ्रमणका बेला त्यो सम्झौता हुँदैन' भनेको सुनाएका थिए। बैठकमा सहभागी एक स्थायी कमिटी सदस्यले एसपीपी सम्झौताबारे अर्को स्थायी समिति बैठकपछि पार्टीको औपचारिक धारणा तय हुने बताए।

# लिन पियाओहरूको अराजकतावादी अर्थवाद



विचार-दृष्टिकोण

अनिल शर्मा 'विरही'

'राजनीतिमा इमानदारी शक्तिको परिणाम हो र मिथ्याचार कमजोरीको अभिव्यक्ति हो'- भीआई लेनिन, राजनीतिक वादविवाद सम्बन्धी टिप्पणीहरू, ग्रन्थावली-१७, पृष्ठ १६६ विदेशी भाषा, प्रकाशनगृह, मस्को, अंग्रेजी संस्करण ।

'हजार माइलको यात्रामा व्यक्तिगत निष्ठाप्रति गहिरो इमान्दारिता पहिलो पाइला हो'- पाब्लो नेरुदा (१९०४–१९७३)

नेपाली क्रान्ति सम्पन्न भएको छैन । २०६४ सालभन्दा अघि अझ यसो भनौं कि गणतन्त्र स्थापना अघि सामन्तवादको नेतृत्वमा दलाल पुँजीवादी सत्ता थियो । आज दलाल पूँजीवादको नेतृत्वमा सामन्तवादसहितको सत्ता छ । जुनयुद्धका सपनाहरू छितरिएका छन् । तर जनयुद्धको कार्यदिशाबाट क्रान्ति सम्भव लाग्दैन । त्यसैले जनयुद्धको निषेध होइन प्रतिस्थापना आवश्यक छ । न्युटनलाई 'आइन्स्टाइन र आइन्स्टाइनलाई हकिंसले प्रतिस्थापना गरेझैं जनयुद्धलाई नयाँ कार्यदिशाले प्रतिस्थापन गर्नुछ । तर कसरी ? त्यो कुनै पुस्तकालयमा पाइन्न ।

समाजको विकासको चरण र अवस्था, जनमनोविज्ञान, सामरिक-भौगोलिक स्थिति, शक्ति सन्तुलनको आधारमा कार्यदिशा निरूपण गर्नुपर्छ र त्यसलाई वर्ग संघर्षको क्रममा समृद्ध गर्दै जानुपर्छ । वर्ग संघर्षको क्रममा कतिपय विषय थप्ने र कतिपय विषय हटाउने पनि हुँदै जान्छ । अझ यसो भनौं कि समृद्धीकरणको निश्चित पद्धती र प्रक्रिया हुन्छ । तर अराजकतावादी तत्वहरू मार्क्सवादी पद्धती अभ्यास गर्दैनन् । दोस्रो दर्जाको नेता हुन नपाएकोमा वा कतिपय केन्द्रिय सदस्य हुन नपाएको झोकमा आकाशतिर फर्केर तारापुञ्जलाई थुक्न खोज्छन् र तर आफ्नै अनुहारमा थुकेको भेउ पाउँदैनन् । कुण्ठा र अपराधबोध छोप्न सिद्धान्तको बेइमानी बर्को ओढ्छन् । लेनिनले त्यसप्रकारका बेइमान, मिथ्याचारीहरूलाई कमजोर प्राणी भन्नु भएको छ । गल्ती र कमजोरी मिथ्याचारको बैसाखी टेकेर होइन आत्मालोचना गरेर मात्र सुधार गर्न सकिन्छ ।

का. सुदर्शनले जेलमा हुँदा नै किचेन क्याबिनेटमा पार्टी अर्को बनाउने सहमति गरेको, बनेपाको मजदुर सम्मेलनबाट निस्केकाहरूलाई आफू नै उपस्थित हुने भनेर अरुलाई पठाएको, पोखराको विद्यार्थी सम्मेलनमा कञ्चनले विद्रोह गर्न रुद्र भट्टराई लगायतलाई निर्देशन दिएको जस्ता अनेक अन्तरध्वंशको षड्यन्त्र गरिएका थिए ।

तर, औपचारिक छलफलमा १२औं बैठकको समापनसम्म पनि नेतृत्वको चाकडी गर्दै थिए । यसप्रकारले क्रान्तिकारी पार्टी बन्छ कि लिन पियाओ गूट बन्छ ? आर्थिक प्रश्नमै पनि चरम भ्रष्टाचार, आचारणमा पुँजीवाद, संगठनमा अराजकतावाद, नेतृत्व सम्बन्धमा लिन पियाओवाद सुदर्शनमा सीमाहीन भएपछि सामान्य स्तरको (रूपान्तरणको अवसरसहित) कारबाही गरिएको हो । कचराहरू थुपारेका स्थानलाई त 'डम्पिङ साइट' भन्छन् । पुनर्गठन भन्दैनन् हो राउटे यार !

प्रचण्डसँग जीवनमरणको लडाईं लड्दा सुदर्शन कहाँ थिए ? यो धारा निर्माणमा उनको के योगदान छ र गँजडीगफ गरेको होला ! शिवगढीमा हामी सशस्त्रको घेराबन्दीमा पर्दा कञ्चन कामरेड त बुद्धनगरमा वैद्य'बासँग कफी तान्दैनछन्, भन्थे त ? अनि विप्लवलाई कायर भन्ने राउटे मित्रहरू विप्लवले आधार इलाकाको नेतृत्व गर्दै गर्दा केपी ओलीको लगौंटी सफाई गर्दै थिए । सुदर्शनलाई जनयुद्धमा २ पटक, २०६४ पछि १ पटक, अहिले फेरि १ पटक गरी ४ पटकको कारबाही विना कारण गरिएको हो ? समाजले पत्याउँछ त ? मान्छेले औकात हेरेर बोल्नुपर्छ । रूपान्तरण हुनुपर्ने मान्छेहरू, क्षमता र इमान्दारिता नभएका मान्छेहरूको गूटवाद, फूटवाद नै समस्या हो ।

आठौं महाधिवेशनको विषयमा आज बल्ल समस्या देख्ने तत्त्वहरू त्यसबेला शीतनिद्रामा थिए ? आज वर्षायाममा उठेर फणा उठाएको ? आठौं महाधिवेशन र आजसम्म कार्यदिशाबारे फरक दस्तावेज, फरकमत, असहमति केही-कतै छ ? बास बसेको घरबाट मध्यरातमै झ्यालबाट हाम्फालेर टाकुरामा पुगेर धारे हात लगाएर के होला त ? यसैलाई भन्छन् 'छोटी मूह बडी बात' एमालेको घर भत्काएर अर्थात् ओलीलाई सराप्दै इच्छुकको गीत गाउन थालेका राउटेहरूले ओलीकै भाषामा विप्लवलाई 'उग्रवामपन्थी अवसरवाद' भन्न थालेका छन् । कार्यदिशा र नेतृत्वप्रति आठौं महाधिवेशन र आजसम्मको उनीहरूको समर्थन गौंडो ढुकेर बसेको निकिता ख्रुश्चेवकै प्रकृतिको रहेछ भन्ने स्पष्ट भएको छ । अन्तरपार्टी संघर्ष ख्रुश्चेवको तरिका चल्दैन, माओको तरिकाले चल्छ र चलाउनु पर्छ । सुदर्शन गुटले लिन पियाओ र ख्रुश्चेवको तरिका अबलम्वन गरे ।

सुशासन, पारदर्शिता र न्यायपपूर्ण आर्थिक जीवनको लागि दार्शनिकहरूले प्राचीनकाल देखि नै चिन्तन गर्दै आएका छन् । ग्रीक चिन्तक प्लेटोले परिवार र नीजि सम्पत्ति नभएका स्वार्थ रहित विद्वानहरूले राजनीतिक गर्नुपर्ने सुझाएका थिए । प्लेटोले महिला, बालबालिका र जमिन राज्यको मातहत हुर्नुपर्छ भनेका थिए । कार्लमार्क्सले नीजि सम्पत्तिको अन्त्य भनेका छन् । प्लेटोको स्वार्थ रहित विद्वानहरूको समूहरूलाई मार्क्सले 'सर्वहारा वर्गको नेतृत्वमा नीजि सम्पत्ति नभएकाले समाज व्यवस्था'ले प्रतिस्थापन गर्नु भयो । लेनिनले 'सामूहिक नेतृत्व' संगठन सञ्चालनका चार नियमले थप समृद्ध गर्नु भयो । माओले त्यसमा 'सर्वहारा वर्गको नेतृत्वमा नीजि सम्पत्ति नभएको समाज व्यवस्था' ले प्रतिस्थापन गर्नु भयो । लेनिनले 'सामूहिक नेतृत्व र संगठन सचलनका लागि नियम' ले थप समृद्धि गर्नु भयो । माओले त्यसमा 'आलोचना र आत्मालोचना' थप्नु भयो । यद्यपी तेङमण्डली र लिन पियाओहरू ( प्रवृतिगत रूपमा) माओको मृत्युपछि फेरि जन्मिए । रुसदेखि चीन हुँदै हाम्रो समयसम्म आउँदा हामीले आर्थिक प्रणालीमा केही संश्लेषण गरेका छौं । जसअनुसार कम्युनिस्ट आन्दोलनले नयाँ सत्ता निर्माण गऱ्यो । तर कम्युनिस्ट सदस्यलाई मजदुर बनाउन सकेन । सत्तामा पुगेपछि शासक बन्ने र सर्वहारा वर्गको नाममा सर्वहारा वर्गमाथि नै दमन गर्ने नोकरशाही यन्त्रमा कम्युनिस्ट पार्टी बदलियो । त्यसको विरुद्ध जनता विद्रोहमा उत्रिए । साम्राज्यवादले त्यसमा उत्प्रेरकको भूमिका खेल्यो । मुख्य पक्ष आन्तरिक हो । पूर्वी युरोपका देशहरूले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकेनन् । रुसप्रति आश्रित भए । रुस कमजोर हुना साथ ती तासको महलझैं ढले । अवका कम्युनिस्टले त्यस विषयमा स्पष्ट धारणा बनाउन आवश्यक छ । हामीले त्यस विषयमा छलफल गरिरहेका छौं ।

कम्युनिस्ट पार्टीहरू दूतावास धाउने, कमीशनको धन्दामा डुब्ने, पुँजीपतिलाई लाभको पदमा राखेर खर्च जुटाउने, खरिद–बिक्री हुने, नीतिगत भ्रष्टाचार गर्ने गरेर बदनाम भएका छन् । सरकारको नेतृत्व गर्दा पनि आत्मनिर्भर अर्थतन्त्रतिर एक पाइला सार्न सकेका छैनन् । यो काम एकाएक हुँदैन । तलबाट नयाँ उत्पादन प्रणालीको विकास गर्नुपर्छ । कृषिलाई सहकारी, सामूहिक र आधुनिकीकरण गर्नुपर्छ । त्यो काम आदेश दिएर हुँदैन । ठूला–ठूला बोझिला कुरा गर्ने माटोको गन्ध थाहा नहुने अन्नपूर्ण होटल र चन्द्र ढकालको अपानवायु सुँघेर मातिएका साँढेहरूले त्यो युगिन दायित्व पूरा गर्न सक्दैनन् । त्यसैले महासचिवले आफैं उत्पादनको नेतृत्व गर्नु भएको छ । यो काम पार्टीको आदत बनेपछि अन्य साथीहरूको जिम्मामा छोड्न सकिन्छ । पार्टीको श्रम र सम्पत्तिको उपयोग जनता र कम्युनिस्ट आन्दोलनका पाका पुस्ताले पनि गरिरहेका छन् । श्रममा भाग लिने कार्यलाई 'कुवा र अर्थवाद' देख्ने लिनपियाओहरू माओका शब्दमा 'लिम्पेनवादी' हुन् अर्थात लम्पट सर्वहारा हुन् । त्यसैले तिनीहरू चिन्तनको दृष्टिले अराजकतावादी अर्थवादी हुन् ।

केन्द्रीय अर्थात् सङ्घीय संसद् र सरकारको कुरा छाडौं, नेपालमा पहिलो पटक अभ्यासमा आएका प्रदेशसभाहरू र प्रदेश सरकारहरूको हालत झन् लाजमर्दो देखिएको छ । कुनै पनि कार्यकारी अधिकार र राजकीय शक्ति नै नभएका, जनताको रगत-पसिनाबाट सङ्कलित राज्यकोषको दोहन मात्रै गरेर पालिएका आलङ्कारिक प्रदेश प्रमुख समेत सङ्घीय सरकारमा फेरबदल आएसँगै बदलिने गरेका छन् । पाँच वर्ष नबित्दै एउटै प्रदेशमा चार पटकसम्म प्रदेशप्रमुखको फेरबदल भइसकेको छ । प्रदेशसभा विघटित त भएका छैनन् तर मधेशबाहकेका सबै प्रदेशमा मुख्यमन्त्री दुई-दुई पटक बदलिइसकेका छन् र तेस्रो पटक बदलिने तर्खरमा छन् । प्रदेश सरकारहरूमा मन्त्रीहरूको सङ्ख्यामा विस्तार र फेरबदलमा त आपत्तिजनक हिसाबले अराजकता नै मच्चिइसकेको छ ।

मुलुकमा सङ्घीय शासन प्रणाली लागू भए तापनि मुख्य भनिएका राजनीतिक दलका शीर्ष भनिएका नेताहरू स्वयम् नै सङ्घीयताप्रति घोर अनुदार, अस्पष्ट र अन्योलग्रस्त देखिएका छन् । प्रदेश र स्थानीय तहलाई अधिकारसम्पन्न, पूर्ण र स्वायत्त भनिए तापनि ती सबै नै मूलतः केही शीर्ष भनिने नेताहरूको तजबिजमै चलिरहेको स्पष्टै देखिएको छ । अधिकारहरूको प्रत्यायोजन, स्रोत-साधन र शक्तिको बाँडफाँट तथा क्षेत्राधिकारको कन्जुस्याइँ र अलमलका कारण प्रदेशसभा, प्रदेश सरकार र प्रादेशिक संरचनाहरू निरर्थक, निकम्मा र बोझ मात्रै पो हुन् कि भनेजस्तो स्थिति सिर्जना भएको छ ।

गणतन्त्रविरोधी र सङ्घीयताविरोधीका रूपमा पटक-पटक प्रमाणित भइसकेका एमाले अध्यक्ष खड्गप्रसाद ओली तीन वर्षसम्म सत्तामा रहँदा नेपालको वर्तमान संविधान, सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राज्य व्यवस्था र सङ्घात्मकतामाथि धेरै पटक निकै ठूलठूला प्रहार भए । नयाँ संविधान कार्यान्वयनका क्रममा पहिलो पटक ठूलो पार्टीको नेताका रूपमा स्थापित भएर सत्ताको बागडोर समाल्न आइपुगे खड्ग ओली । तर, उनी र उनी नेतृत्वको एमालेमा सामन्तवादी राज्यव्यवस्थाप्रति निकै गहिरो झुकाव अनि गणतान्त्रिक एवम् अग्रगामी राजनीतिक व्यवस्थाप्रति गम्भीर अरुचि व्यावहारिकरूपमै पटक-पटक अभिव्यक्त भए ।

मुख्यतः दसवर्षे माओवादी जनयुद्ध र तत्कालीन नेकपा ( माओवादी) को सङ्घर्ष र जोडबलका कारण मुलुकमा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समानुपातिकता एवम् समावेशिता स्थापित भएको तथ्य सबैका सामु छर्लङ्ग नै छ । नेपाली काङ्ग्रेसभित्रको एउटा घोर पुरातनपन्थी र प्रतिगमनकारी खेमा तथा एमालेभित्र मूलतः खड्ग ओलीको नेतृत्वमा रहेको प्रतिक्रान्तिकारी गुट कुनै पनि हालतमा जनयुद्धका एजेन्डा र माओवादी शक्तिलाई नेपाली राजनीतिमा स्थापित हुनै दिनु हुँदैन भनेर अहोरात्र क्रियाशील थिए । जनयुद्धले दस वर्ष पूरा गर्दाताका अघि बढेको शान्ति प्रक्रिया, वार्ता प्रक्रियाहरू, ०६२/६३ को जनआन्दोलन र त्यसपछिका परिवर्तनकारी प्रक्रियाहरूलाई ध्वस्त पार्न र कुनै हालतमा रोक्न काङ्ग्रेस र एमालेका ती दुई खेमा निकै जोडबलका साथ क्रियाशील रहे ।

कांग्रेसभित्रको सोही अनुदारवादी खेमा र एमालेको वर्तमान संस्थापन अर्थात् ओली समूहको अस्वस्थ, अराजनीतिक एवम् परिवर्तनविरोधी/प्रतिगामी चलखेलकै कारण दुईतिहाइ बहुमत प्राप्त सरकारबाट स्वयम् ओली समूह अपदस्थ हुन पुग्यो । सोही प्रतिक्रान्तिकारी हर्कतकै कारण सातमध्येका छ वटा प्रदेश सरकार ढले र सबैबाट ओली समूह बढारिन पुग्यो । संविधान जारी भएयता दोस्रो पटक स्थानीय तहको चुनाव सम्पन्न भएको छ र यसअघि पहिलो शक्तिका रूपमा रहेको ओली समूह दोस्रोमा झरेको छ । मूलतः ओली समूह नै पछिल्लो राजनीतिक अस्थिरताको मुख्य कारक बनेर देखापरेको छ ।

छिमेकी मित्रराष्ट्र भारत र आफनो राष्ट्र नेपाल दुवैको हित हुने विश्वासका साथ नेपालले विगतमा गरेका कोशी सम्झौता, महाकाली सन्धि आदिबाट निरन्तर भइरहेको धोका सबैका सामु स्पष्टै छ । पछिल्लो समय बलात् लादिएको एमसीसी परियोजनाले नेपालको सार्वभौमिकतालाई प्रत्यक्षतः खलल पुर्याउने स्पष्टै देखिएको छ । तथाकथित 'स्टेट पार्टनरसिप प्रोग्राम ( एसपीपी) का नाममा पछिल्ले समय नेपाललाई सिधै अमेरिकी सैन्य-गठबन्धनको हिस्सा बनाउन भइरहेको दुस्प्रयासले यो तथ्यलाई छर्लंग पारिसकेको छ ।



# राष्ट्रविरुद्ध गद्दारी गरेको छैन, प्रमाणित गर्न चुनौती दिन्छु : अर्थमन्त्री जनार्दन शर्मा

**आगामी आर्थिक वर्षको बजेटले मुलुकको अर्थतन्त्रलाई नयाँ दिशा प्रदान गर्ने स्पष्ट खाका तय गरेको छ। सरकारले पहिलोपटक कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेको छ। आयात ३० प्रतिशतले घटाउने र निर्यात बढाउने लक्ष्य राखेको छ। उद्योग क्षेत्रको विस्तार र विकासका लागि केही रणनीतिक महत्त्वका काम गरेको छ। नेपालको संविधानले आत्मसात् गरेको समाजवादको लक्ष्य हासिल गर्ने मार्गमा बजेट केन्द्रित गरिएको सरकारको भनाइ छ।**

**बजेट सार्वजनिक भएको दुई हप्तासम्म आम नागरिक र सरोकारवालाले यसको खुलेर प्रशंसा गरे। यसैबीचमा एउटा समाचार सार्वजनिक भयो– 'बजेट निर्माणका दिन अनधिकृत व्यक्तिलाई अर्थमन्त्रीले प्रवेश गराए र गोग्य सूचना सार्वजनिक गरे।' हरेक वर्षको बजेट निर्माणमा क्रममा हरेक क्षेत्रका चासो स्वाभाविक नै हुन्छ। अनधिकृत व्यक्तिमार्फत करको दरमा हेरफेर गरिएको र केही व्यापारिक घरानालाई लाभ प्रदान गरिएको भन्दै प्रमुख प्रतिपक्षी एमालेले सङ्घीय संसद्को प्रतिनिसभाको बैठकमा संसदीय छानविन वा अर्थमन्त्रीको राजीनामाको माग गरेको छ। मुलुकको समग्र अर्थतन्त्र, पछिल्ला घटनाक्रम एवं शेयरबजारलगायतका विषयमा अर्थमन्त्री जनार्दन शर्मासँग रमेश लम्सालले गरेको कुराकानी–**



**देशको पक्षमा बजेट बनाएको आधारमा संसदीय छानबिन हुन्छ ? देशको पक्षमा बजेट बनाएपछि राजीनामा दिनुपर्छ ? राजीनामा दिन त, देशको विरुद्ध घात गरेको हुनुपर्‍यो, जनताको विपक्षमा उभिएको हुनुपर्‍यो, कुनै बदमासी गरेको वा भ्रष्टाचार गरेको हुनुपर्‍यो। चुनौतीका साथ म भन्न सक्छु– पुष्टि गरेर आउँदा हुन्छ। मैले कुनै भ्रष्टाचार गरेको छु, जनतालाई घात गरेको छु भने कारबाही भोग्न तयार छु।**

**बजेट निर्माणका क्रममा केही त्रुटि भएको आशंका गरिको छ, जनप्रतिनिधिमूलक थलो संसद्मा यसबारेमा सांसदले जिज्ञासा राख्नुभएको छ नि ?**

बजेट निर्माणको आफ्नै संयन्त्र, विधि र प्रक्रिया छ। सबैले विधि र प्रक्रियाअनुसार नै जान्छन् र जानुपर्छ। दुई-दुई जना सचिव भएको मन्त्रालय हो यो। त्यो दिन कानुन सचिव पनि मन्त्रालयमै हुनुहुन्थ्यो। तीनवटा सचिवले काम गर्नुभएको हो। कानुनमन्त्री पनि आउनुभएको थियो। मन्त्रालयको संयन्त्रले काम गर्ने हो। कहानी बनाएर यो विषय उठाइएको छ। मन्त्रालयमै पर्याप्त जनशक्ति छ। मैले चिन्ने सचिव, सहसचिव, महाशाखा प्रमुख हो, अरु चिन्ने कुरा भएन। त्यसैले उहाँहरूसबै काममा खटिनुभएको छ। काम गर्नुभएको छ। हामीले बजेटमा तीन कुरामा संश्लेषण गरेका छौँ। बजेट अस्थितरताबाट स्थिरतार्फ, बञ्चितीबाट समावेशीतर्फ र आयातबाट उत्पादनतर्फको प्रस्थान बिन्दु हो। यो भनाइ मात्र हो कि कार्यक्रम पनि छ भनेर हेर्नुभयो भने प्रष्ट हुन्छ।

कूल ६१ प्रतिशत जनसङ्ख्या संलग्न भएको कृषि क्षेत्रको सुधारका लागि पर्याप्त कार्यक्रम ल्याएको छ। जमिन बाँझो छ, प्रयोग हुनसकेको छैन। त्यसले उत्पादन दिनसकेको छैन। बजेटमा कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकीकरण गर्न ठोस योजना छन्। स्थानीय तहले के गर्ने, प्रदेशले के गर्ने र सङ्घले के गर्ने स्पष्ट योजनाका साथ बजेट ल्याइएको छ। किसानलाई प्रोत्साहित गर्न किसान पेन्सनको व्यवस्था गरिएको छ। अहिले आयात भइरहेको कृषि उत्पादन प्रतिस्थापन गर्न बाँझो जमिन, जनशक्ति र क्षमताको प्रयोग गर्नपर्छ भन्ने मान्यतालाई बजेटले समेटेको छ। सरकारले सबैलाई उत्साहित बनाएर लैजानुपर्छ।

स-साना उद्योग, स्टार्टअप, लघु तथा घरेलु उद्योग सबैलाई प्राथमिकता दिइएको छ। ती उद्योग व्यवसायलाई तालिम र कर्जा दिने व्यवस्था गरिएको छ। आयात प्रतिस्थापन र व्यापार घाटा न्यूनीकरण गर्न मद्धत गर्ने ठूला उद्योगलाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ। उद्योगमैत्री नीति लिइएको छ। हामीले उद्योगलाई विद्युत् महसुलमा छुट भनेका छौँ। यसले थप उद्योग आउन सक्ने वातावरण बनेको छ।

**केही ठूला उद्योगलाई 'पोस्न' विद्युत् महसुल छुट दिने व्यवस्था बजेटमा गरियो भन्दै तपाईमाथि प्रश्न उठेको छ नि ?**

नेपाल विद्युत् प्राधिकरणबाट सबैले तथ्याङ्क लिएर हेर्न सक्नुहुन्छ। विद्युत् महसुलमा छुट पाउने उद्योग सयौँ छन्। वार्षिक रु १० करोड तिर्ने उद्योग १०० बढी छन्। ती सबै उद्योगलाई त्यस्तो छुट दिन सकिँदैन भन्ने छ। त्यसो भएर हामीले दुई देखि १५ प्रतिशत छुटको व्यवस्था गरेका हौँ। मन्त्रालयले नीति बनाएर कति सहुलियत दिने हो भन्न सक्ला। ठूला उद्योग स्थापना गर्न प्रेरित गरिएको छ। उद्योग बनाउन ५० वर्षसम्म जग्गा लिजमा लिन सक्ने व्यवस्था गरिएको छ। उद्योगी व्यवसायीलाई नेपालमा लगानी गर्ने वातावरण बनाइएको छ।

पर्यटन क्षेत्रको विकासमा पनि सरकारले उत्तिकै ध्यान दिएको छ। यहाँका हजारौँ होटल व्यवसायलाई अझ व्यवस्थित गरेर लाखौँ पर्यटक भित्र्याउने व्यवस्था गर्नुपर्नेछ। लुम्बिनी, खप्तड, रारा, सगरमाथा, मुस्ताङलगायत क्षेत्रमा पर्यटनको प्रचुर सम्भावना छ। अब सेवा निर्यात गरेर विदेशी मुद्रा भित्र्याउनुपर्छ। नेपालमा सूचना प्रविधिको अत्यन्त बढी सम्भवाना छ। ठूला-ठूला इनोभेसन सेन्टर, आइटी कलेज सञ्चालन गरेर बेरोजगारलाई यही नै काम दिनसक्ने बनाउन सकिन्छ। यही बसेर यहीबाट आफ्नो सीप बिक्री गर्न सकिने अवस्था छ।

अहिलेको बजेटले मुख्यतः तीन वटा विषयलाई जोड दिएको छ। हामीसँग भएको सबै स्रोत साधन, जनशक्तिको उपयोग गरेर देशलाई आत्मनिर्भरतातर्फ लैजानुपर्छ भन्ने उद्देश्यमा आधारित भएर बजेट बनाएइको छ। आर्थिक सूचकाङ्क नकारात्मक दिशामा छन्। तीनलाई सुधार गरेर लैजानुपर्छ। मुलुकलाई समृद्धिको दिशामा अगाडि जान दिन, यसलाई कार्यान्वयनमा बाधा सिर्जना गर्न, यसलाई 'डिरेल' गर्ने प्रवृत्ति हाबी हुँदै आएका छन्।

बजेट बनाउनु अर्थमन्त्रीको दायित्व हो। विद्युतीय गाडीमा के गल्ती भयो ? व्यवसायीलाई मर्का परेको हो र ? मर्का परेको भए खरिद गर्ने व्यक्तिलाई पर्छ। बढी मूल्यको गाडी किन्दा थोरै कर बढी तिर्ने कुरा हो। डलर सञ्चिती पनि बढाउनु छ, सकभर सस्तो मूल्यका गाडी चढून् भन्ने हो। डलर बाहिर जानबाट पनि रोक्नु छ। कम मूल्यका गाडी आयात होउन्, डलर सञ्चिती पनि बढोस् भन्ने उद्देश्य राख्नु गलत हो र ? देशको समस्यालाई समाधान गर्ने गरी बजेट आएको छ।

**देशभित्रका स्यानिटरी प्याड उद्योगीलाई समस्यामा पारेर आयात बढाउने उद्देश्यका साथ भारी मात्रामा कर छुट दिइयो भन्ने आरोप पनि लागेको छ ? यसमा तपाईको के भनाइ छ ?**

चालु आवको बजेटका सन्दर्भमा प्रतिस्थापन विधेयक ल्याउँदा स्यानिटरी प्याडका सन्दर्भमा रातो कर माफ गर भनेर नारा लगाइएको होइन। कति चाँडै बिर्सिएको होला मानिसहरूले यो विषय। महिलाले रातो कर माफ गर भन्नुभएको होइन। त्यो भन्नु एक हिसाबले लज्जाको विषय नै थियो। त्यतिबेला उद्योगीले बोल्नु पर्दैन ? हामी उत्पादन गरिरहेका छौँ भन्नु पर्दैन। हामीले ती उद्योगीलाई पनि संरक्षण गर्न खोजेका छौँ। सरकार आफैँले रु दुई अर्ब बराबरको खरिद गर्छ। सरकारले आयकर र कच्चा पदार्थ आयात गर्दा लाग्ने शुल्कमा छुट दिइएको छ।

**घिउ, तेलको विषय पनि सागै जोडिएर आएको छ ? किन हरेक क्षेत्रमा विवाद सिर्जना गरिादैछ ?**

यो विषय सामान्य हो। व्यवसायीले सहमति गरेर खरिद बिक्री के के गर्ने हो त्यो आफैँले मिलाउँदा हुन्छ। चाउचाउ र बिस्कुटको कच्चा पदार्थका रूपमा आयात हुने रहेछ। यसमा व्यवसायीले सहमति गरे भइहाल्छ। प्रक्रिया मिलाइन्छ। वायर रडको विषय पनि आएको छ। यो नेपालमा पर्याप्त छ। तर, उद्योग बन्द हुन दिँदैनौँ। सरकार उद्योग विस्तारमा सहजीकरण गर्छ, समस्यामा पर्न दिँदैनौँ।

**बजेटको अन्तर्वस्तुमा भन्दा पनि राजनीतिकरूपमा आरोपित गर्ने कोणबाट किन यसलाई बढी उचाल्ने प्रयास भयो होला ?**

राजनीतिक रूपमा हेर्दा, यो गठबन्धनप्रति परिलक्षित छ। गठबन्धन टुटाउन सकिन्छ कि भन्ने प्रयास गरिएको छ। गठबन्धन टुटाउने र अस्थिरता सिर्जना गर्ने प्रयास भएको छ। बजेट निर्माणको सन्दर्भमा हरेक सरोकारवालाको समग्रको भनाइ र स्वार्थलाई सम्बोधन गर्ने प्रयास गरिएको छ। केही न केही छुटेको होला तर मुलभूतरूपमा समेटिएको छ। जस्तैः स्थानीय तहका विद्यालयका कर्मचारीको कुरा, बाल शिक्षकको तलब पनि थपिएको छ। केही विषय छुटेको होला। तर मुलतभूत रूपमा देशको अर्थतन्त्रलाई बलियो बनाउने गरी आएको बजेटमाथि प्रश्न ? त्यो पनि राजनीतिक आग्रह पूर्वाग्रहका आधारमा प्रश्न गर्नुको कुनै अर्थ र औचित्य छैन।

**बजेट निर्माणको राति १२ बजेपछि अर्थमन्त्रालयको कोठामा चुकुल लागेको थिएन र अनधिकृत व्यक्ति प्रवेश गराएको भनेर विशेषगरी तपाईंमाथि आरोप लगाउने प्रयास गरिएको छ। अर्थमन्त्रीले यस्तो गर्न सक्छ ?**

यहाँ चुकुल लागेको छैन। १२ बजे राति त त्यसदिन म यहाँ (मन्त्रालय) मा थिइन्। त्यसअगावै पुल्चोकस्थित मन्त्री निवास गइसकेको थिएँ। त्यहाँ गएर सोध्नुस्। त्यहाँ त नेपाली सेना छ, प्रहरी छ। उनीहरूले आफ्नो निकायमा रिपोर्ट गरेका हुन्छन्। को कति बेला आयो, को कति बेला गयो भनेर टिपेर राखेको हुन्छ। अनि फेरि मैले किन चुकुल लगाउने ? विगतमा बजेट बनाउने गरेको समयमा यहाँको ढोका बन्द हुने गरेको थियो। यसपटक कुनै पनि बेला यहाँ बन्द थिएन। सबै मान्छेहरूयहाँ आइराखेका थिए। बजेट लेख्ने समयमा पनि आफ्ना माग लिएर मानिस त आइरहेका नै थिए। जेठको १२ गते पनि आएका थिए, १४ गते दिउँसो पनि आएका थिए। अर्थमन्त्रालयको ढोका कहिल्यै पनि बन्द गर्नु हुँदैन। हामी जनताका काम गर्न बसेका सेवक हौँ।

**अर्थमन्त्रीलाई आरोपित गरेर गठबन्धन नै भत्काउने उद्देश्य राखेर यस्ता गलत प्रचार गरिएको हो भन्ने कोणबाट केहीले टिप्पणी गरेका छन् ? यसलाई यही रूपमा बुझ्दा हुन्छ कि थप अरु पनि केही छ ?**

अर्थतन्त्रका सूचकाङ्कामा समस्या आउनु, बढी ऋण वितरण हुनु अर्थमन्त्रीको हैसियतले मेरो जिम्मेवारी हो। विभागीय मन्त्रीको हैसियतले यो बजेटको समग्र स्वामित्व मैले लिन्छु। यहाँ भएको कमजोरीको जिम्मा र राम्रोको जश पनि लिन्छु। तर, मैले यसमा सबैको साझा स्वामित्व छ भनेको छु। कमजोरीको जिम्मा त मैले लिन्छु । उपलब्धि सबैको हो। म यहाँ आएदेखिकै समस्या छन्। शेयर बजारका साथीहरू आउँछन् र मैले पेलेको भन्छन् तर शेयर बजारको

क्रमशः अन्तिम पृष्ठमा

कागेश्वरी मनोहरा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वागमती प्रदेश, नेपाल

समृद्ध कागेश्वरी मनोहराको आधार, पर्यटनसहितको पूर्वाधार

# नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख

**एवं कागेश्वरी मनोहरा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय, धर्मस्थली, काठमाडौं

# भन्सार विभाग त्रिपुरेश्वर काठमाडौं सूचना !

तपाईंले आयात-निर्यात गर्न लागेको सामानमा कति महसुल लाग्दछ ? कति छुट पाउनुहुन्छ वा आयात-निर्यात प्रतिबन्ध छ ? आदिजस्ता भन्सारसम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्झनुहोस् । हामी तपाईंको जिज्ञासाको समाधान गर्ने प्रयास गर्ने छौं । आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयं उपस्थित भएर वा फोनमार्फत पनि सम्पर्क गर्न सक्नु हुनेछ ।

कार्यालय समयभित्र प्राप्त फोनको तत्काल जवाफ पाउन सक्नुहुनेछ भने कार्यालय समयअघि फोन गर्दा कुनै जिज्ञासा भएमा भन्न सक्नुहुनेछ । फोनमा रेकर्डिङ सिस्टम भएकाले कार्यालय खुलेपछि त्यसको जवाफ दिइनेछ ।

**भन्सार विभाग**

त्रिपुरेश्वर, काठमाडौं

फोन नं.: ०१-४२५९८६१, टोल फ्रि नं.: १६६००१२१२२३

इमेलः csd@customs.gov.np

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना**

हरिहरभवन, ललितपुर

## पशुपालक कृषक वर्गमा अनुरोध

१. राष्ट्लाई दूध, मासु र पश्मिनामा आत्मनिर्भर बनाउने उद्देश्यले यस आयोजनाबाट उत्पादनमूलक गठबन्धनमा आधारित उपरुआयोजनाहरूमा प्रवाह गरिने पूरक अनुदानको अधिकतम सदुपयोग गरी दूध, मासु र पश्मिनाको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं।

२. नजिकको पशु सेवा हेर्ने निकायमा सम्पर्क गरी गाईभैंसीलाई खोरेत रोगको खोप तथा भेडाबाख्रालाई पी.पी.आर.रोगको खोप लगाई आफ्ना पशुको स्वास्थ्य संरक्षण गरौं।

३. आयोजनाले प्रवर्द्धन गरिरहेका निम्न जलवायु मैत्री पशुपालन अभ्यासहरू अपनाई उत्पादकत्व एवं उत्पादन बढाऔं-

क) बधुवा पशुपालन प्रणाली।

ख) घाँसमा आधारित पशुपालन।

ग) डालेघाँसको सम्वर्द्धन र उपयोग।

घ) गोवर-पिसाबको वैज्ञानिक व्यवस्थापन।

ङ) सुधारिएका गोठको प्रयोग र

च) गुणस्तरीय पशु आहारको लागि साईलेज तथा हे को उपयोग।

४. आयोजनाले प्रवर्द्धन गरिरहेका पशु नश्ल सुधार कार्यक्रममा सहभागी बनौं र पशुको उत्पादकत्व एवं उत्पादन वृद्धि गरी फाइदा लिऔं।

५. पशुपालन तथा पशुजन्य पदार्थ प्रशोधनमा नवीनतम असल अभ्यासहरू अवलम्बन गरी शुद्ध एवं स्वच्छ उत्पादनहरूको सुनिश्चितता गरौं।

थप जानकारीका लागिः

**नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना**

हरिहरभवन, ललितपुर,

फोनः ०१-५५५४९०६ इमेलः pmu@nlsip.gov.np

वेबसाइटः nlsip.gov.np

# वागमती हाम्रो सभ्यता

- हाम्रो वागमती, हाम्रो सभ्यता;
  कायम राखौं यसको पर्यावरणीय स्वच्छता !
- जोगाइराख्न सके यसको पवित्रता;
  बढ्नेछ आत्मसम्मान र आत्मीयता !
- सदा बचाइराख्न यसको सौन्दर्यता;
  सबै मिली गरौं प्रयास र प्रतिबद्धता !
- नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔं !
- वागमती नदी र यसका सहायक नदीनालाहरूलाई स्वच्छ र सफा राखौं !
- नदी किनारका जग्गाहरूको संरक्षण गरौं !
- नदी किनारमा वृक्षारोपण गरी नदीको सौन्दर्य बढाऔं !
- नदी किनारको दायाँबायाँ निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔं !
- वागमती सभ्यताको विकास र सम्बर्द्धन गरौं !
- वागमती नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौं !

नेपाल सरकार

सहरी विकास मन्त्रालय

**अधिकारसम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति**

गुह्येश्वरीफाँट, काठमाडौं, सम्पर्क नं.: ०१-४४७९७०३

# सत्ताको गणित...

बाँडफाँट तथा क्षेत्राधिकारको कन्जुस्याइँ र अलमलका कारण प्रदेशसभा, प्रदेश सरकार र प्रादेशिक संरचनाहरू निरर्थक, निकम्मा र बोझ मात्रै पो हुन् कि भनेजस्तो स्थिति सिर्जना भएको छ।

गणतन्त्रविरोधी र सङ्घीयताविरोधीका रूपमा पटक-पटक प्रमाणित भइसकेका एमाले अध्यक्ष खड्गप्रसाद ओली तीन वर्षसम्म सत्तामा रहँदा नेपालको वर्तमान संविधान, सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राज्य व्यवस्था र सङ्घात्मकतामाथि धेरै पटक निकै ठूलठूला प्रहार भए। नयाँ संविधान कार्यान्वयनका क्रममा पहिलो पटक ठूलो पार्टीको नेताका रूपमा स्थापित भएर सत्ताको बागडोर समाल्न आइपुगे खड्ग ओली। तर, उनी र उनी नेतृत्वको एमालेमा सामन्तवादी राज्यव्यवस्थाप्रति निकै गहिरो झुकाव अनि गणतान्त्रिक एवम् अग्रगामी राजनीतिक व्यवस्थाप्रति गम्भीर अरुचि व्यावहारिकरूपमै पटक-पटक अभिव्यक्त भए।

मुख्यतः दसवर्षे माओवादी जनयुद्ध र तत्कालीन नेकपा ( माओवादी) को सङ्घर्ष र जोडबलका कारण मुलुकमा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समानुपातिकता एवम् समावेशिता स्थापित भएको तथ्य सबैका सामु छर्लङ्ग नै छ। नेपाली काङ्ग्रेसभित्रको एउटा घोर पुरातनपन्थी र प्रतिगमनकारी खेमा तथा एमालेभित्र मूलतः खड्ग ओलीको नेतृत्वमा रहेको प्रतिक्रान्तिकारी गुट कुनै पनि हालतमा जनयुद्धका एजेन्डा र माओवादी शक्तिलाई नेपाली राजनीतिमा स्थापित हुनै दिनु हुँदैन भनेर अहोरात्र क्रियाशील थिए। जनयुद्धले दस वर्ष पूरा गर्दाताका अघि बढेको शान्ति प्रक्रिया, वार्ता प्रक्रियाहरू, ०६२/६३ को जनआन्दोलन र त्यसपछिका परिवर्तनकारी प्रक्रियाहरूलाई ध्वस्त पार्न र कुनै हालतमा रोक्न काङ्ग्रेस र एमालेका ती दुई खेमा निकै जोडबलका साथ क्रियाशील रहे।

काङ्ग्रेसभित्रको सोही अनुदारवादी खेमा र एमालेको वर्तमान संस्थापन अर्थात् ओली समूहको अस्वस्थ, अराजनीतिक एवम् परिवर्तनविरोधी/प्रतिगामी चलखेलकै कारण दुईतिहाइ बहुमत प्राप्त सरकारबाट स्वयम् ओली समूह अपदस्थ हुन पुग्यो। सोही प्रतिक्रान्तिकारी हर्कतकै कारण सातमध्येका छ वटा प्रदेश सरकार ढले र सबैबाट ओली समूह बढारिन पुग्यो। संविधान जारी भएयता दोस्रो पटक स्थानीय तहको चुनाव सम्पन्न भएको छ र यसअघि पहिलो शक्तिका रूपमा रहेको ओली समूह दोस्रोमा झरेको छ। मूलतः ओली समूह नै पछिल्लो राजनीतिक अस्थिरताको मुख्य कारक बनेर देखापरेको छ।

# राष्ट्रविरुद्ध...

समस्या समाधानका लागि सकारात्मकरूपमा नै काम गरेको छु।

समस्या समाधानका लागि कदम चालेको छु। सोहीअनुसारको निर्देशन गरेको छु। सोहीअनुसारको प्रक्रिया अगाडि बढाएको छु। विधि, नियम बनाउन सहयोग गरेको छु। त्यसलाई कसरी अगाडि बढाउने भन्नेमा चिन्तनमनन गरेको छु। यो विस्तारित हुनुपर्छ, यो अर्थतन्त्रको ऐना हो भनिरहेको छु। तर त्यसैमा प्रश्न फेरि पनि । अर्थ मन्त्रालय जिम्मेवार हुनुपर्छ। मौद्रिक नीति कसरी आउँछ, दुनियाँलाई जानकारी छ। त्यसले पार्ने असर के हुन्छ, सबैलाई थाहा छ। मैले भनिरहनु पर्दैन। विविध समस्या आउँछन्। म अर्थमन्त्री भइसकेपछि प्रश्न उठ्नु स्वभाविक छ। अन्यथा मान्दिनँ, तर उत्तर दिन मैले पाउनुपऱ्यो। मैले स्पष्ट गर्न पाउनुपऱ्यो। जनतालाई भ्रमित पारेर मात्रै भएन भन्ने मेरो भनाइ छ। जनताले थाहा पाउन त पाउनुपऱ्यो।

राष्ट्रको विरुद्ध मैले कहाँ गद्दारी गरेको छु? जनताको विपक्षमा के काम गरेको छु ? भन्नुपऱ्यो, प्रमाणित गर्नुपऱ्यो, के नराम्रो गरेँ मैले ? मैले जे गरेको छु देशको हितमा गरेको छु। जनताको पक्षमा नै काम गरेको छु। योजना बनाउँदा कुनबाट कहाँ पऱ्यो, त्यो सबै कुरा त मलाई थाहा हुँदैन।

प्रदेशको सन्तुलनमा पनि हिजोको भन्दा केही बजेट बढेको छ। एकैपटक सबै गर्न सकिँदैन। चालु योजना काटेर अर्कोमा राख्न सकिँदैन। प्रदेशमा पनि सन्तुलन मिलाउन खोजिएको छ। विगतको भन्दा बढेको छ। कर्णाली र मधेस प्रदेशमा थोरै भए पनि बजेट बढेको छ। बढी जाने ठाउँमा थोरै घटेको छ। सङ्घीयता लागू गर्ने काममा मैले प्रयास गरेको छु। मैले कहाँ गरे देशको विरुद्धमा काम ? जनताका विरुद्ध के गरेँ ? कुनै विषय नपाएपछि कथा बनाएर को मान्छे आयो रे। कथा-पटकथा बनाइएको छ। हरेक मान्छेको रेकर्ड लिएर बस्ने म यहाँ ? मेरो काम हो त्यो ? कोही पनि अनधिकृत मान्छे म हुँदासम्म यहाँ आउँदैन र आएको पनि छैन। सबै आधिकारिक व्यक्ति नै आउँछन्।

दुई-दुई वटा सचिव, कानुन सचिव छन् नि त्यो दिन यहाँ। उहाँहरू त रातभर बसेर बजेट बनाउनुभएको छ। म गएर सुतेको हो। बिहान ६ बजे म आउँदा पनि उहाँहरूकाम गरिरहनुभएकै थियो। त्यसकारण यो बजेटको कुराभन्दा राजनीतिक फाइदा लिने प्रयत्न हो। यो स्वभाविक होला। त्यसकारण म यसलाई अन्यथा भन्दिन। तर तथ्य कुरा के हो भने जनताको अहितमा न बजेट आएको छ। न प्रक्रियामा नै यताउता गरिएको छ। मैले पाएको जिम्मेवारीअनुसार इमान्दारिताका साथ कार्यान्वयन गर्ने प्रयत्न गरेको छु।

**एमालेले त तपाईंमाथि संसदीय छानबिन हुनुपर्ने वा राजीनामा दिनुपर्ने माग गरेको छ नि ?**

देशको पक्षमा बजेट बनाएको आधारमा संसदीय छानबिन हुन्छ ? देशको पक्षमा बजेट बनाएपछि राजीनामा दिनुपर्छ ? राजीनामा दिन त देशको विरुद्ध घात गरेको हुनुपऱ्यो, जनताको विपक्षमा उभिएको हुनुपऱ्यो, कुनै बदमासी गरेको वा भ्रष्टाचार गरेको हुनुपऱ्यो। चुनौतीका साथ म भन्न सक्छु- पुष्टि गरेर आउँदा हुन्छ। मैले कुनै भ्रष्टाचार गरेको छु, जनतालाई घात गरेको छु भने कारबाही भोग्न तयार छु। माग त हुनसक्छ, माग राख्न पाइयो। त्यसप्रति मेरो कुनै गुनासो छैन।

**तपाईंलाई आरोपित गर्दा, तपाईंसम्बद्ध पार्टीलाई पनि क्षति पुऱ्याउन सकिन्छ भन्ने राजनीतिक भाष्य पनि यसभित्र लुकेको छ कि ?**

मेरो पार्टीलाई ठोक्न सकिन्छ, गठबन्धनलाई समस्यामा पार्न सकिन्छ भन्नेमा नै विषय केन्द्रित छ। गठबन्धन सरकार छ। गठबन्धन कसरी बन्यो भन्ने पनि थाहा छ। कुन परिवेशमा गठबन्धन बन्यो भन्ने पनि छ। गठबन्धन बन्दा नबन्नेहरूको के प्रभाव परेको होला भन्ने कुरा पनि स्पष्ट बुझ्न सकिन्छ। राजनीतिक रूपमा 'इस्यू' बनाएर प्रतिशोध साँध्नेबाहेक अरु कुरा केही पनि होइन।

**शेयर बजारमा देखिएको समस्या समाधानका कुनै पहल गर्नुभएन भन्ने आरोप पनि छ नि ?**

शेयर बजारलाई कसरी राम्रो गर्ने भनेर के छन् त्यहाँभित्रका समस्याहरूपत्ता लगाउ र समाधान गर भनेर नयाँ व्यक्तिहरू नियुक्ति गरेर स्पष्ट निर्देशन दिएर पठाएको छु। नेपाल स्टक एक्सचेञ्जका प्रमुख कार्यकारी अधिकृत र नेपाल धितोपत्र बोर्डको अध्यक्षलाई निर्देशन दिएको छु। बुक बिल्डिङको काम कसरी गर्ने, अरु काम कसरी गर्ने अरु कोषहरू कसरी बनाउने, अरु संरचनाको विकास कसरी गर्ने, आइटी क्षेत्रलाई कसरी सहज बनाउने भनेर स्पष्ट निर्देशन दिएको छु। उहाँहरू काममा हुनुहुन्छ। त्यो कामले गति लिँदैछ। शेयर बजार व्यवस्थित ढङ्गले चल्ने वातावरण बन्दैछ। सामान्यरूपमा कसैले यताउति गर्दा पनि तलमाथि नहुने गरी काम भइरहेको छ। अब काम उहाँहरूको जिम्मामा छ। अर्थमन्त्रीले शेयर बजारमा घटाउने बढाउने गर्न सक्दैन। त्यो गर्दा पनि गर्दैन। म लगानीकर्तालाई विश्वास दिलाउन चाहन्छु कि राम्रो काम हुँदैछ, तपाईँहरू नआत्तिनुस्।

**तपाईंले तथ्याङ्क त हेर्नुभएको होला, आगामी आवको बजेट सार्वजनिक भएपछि एक कारोबार दिन मात्रै नेप्से परिसूचक उकालो लागेको छ र अरु सबै दिन ओरालो लागेको छ। समस्या त्यससाग सम्बन्धित संस्थाको हो कि अर्थतन्त्रको अन्य पाटोसाग पनि जोडिएको छ ?**

त्यसमा दुईवटा विषय छन्। एउटा हाम्रोमा यससम्बन्धी साक्षरताको कमी छ। त्यसभित्र गर्नुपर्ने धेरै काम पनि बाँकी छ। ती सबै काम समयमा हुन नसक्दा आम लगानीकर्ताले प्रक्रियालाई बुझ्ने, कहाँ गर्दा के हुन्छ भन्ने जानकारी छैन। बजारमा परिपक्वता आएको छैन। त्यहाँको साधन र स्रोत बलियो बनाउनुपर्छ। अहिलेको चुनौतीले सकारात्मक दिशामा नै लगिरहेको छ। मलाई विश्वास छ, शेयर बजारले गति लिन्छ र लिनु नै पर्छ।

**शेयर बजारमा समस्या देखिनुको पछाडि बैंकिङ तरलताको विषयले पनि काम गरेको टिप्पणी पनि गरिएको छ ?**

हो, यसमा बैंकिङ क्षेत्रसँग जोडिएको तरलता पनि जोडिएको छ। हाम्रो संरचनागत समस्याहरू आजको मात्रै होइन। हिजो हामीले राज्यको पुनःसंरचना गर्दा यस क्षेत्रको पनि पुनःसंरचना नहुनुको परिणाम पनि हो। नयाँ ढङ्गले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनिसकेपछि त्यसको लक्ष्य र उद्देश्यसँग एकाकार हुनुपर्ने थियो। त्यसअनुसारको कार्यविभाजनको समस्या पनि रहेको छ। केही कानुनले निर्देशन गर्दैछ। प्रक्रियामा अगाडि बढेको छ। हाम्रो खर्च गर्ने क्षमताको कमजोरी देखियो। एउटा पाटो हो यो। मैले विभिन्न मन्त्रालयसँग प्रयत्न गरे। अर्थमन्त्री आफैले खर्च गर्ने त होइन। अर्थमन्त्री त त्यसका लागि सहजकर्ता, स्रोतको व्यवस्थापक मात्रै हो। सरकारको कमजोरीका साथ साथै संरचनागत कमजोरी पनि त्यसमा जोडिएको छ।

**तपाईंले त मासिक १० प्रतिशत पुँजीगत खर्च गर्ने कुरा गर्नुभएको थियो, तर त्यसो त हुन सकेन ? के रहेछ त्यस पछाडिका कारण ?**

हो, हामीले भनेको हो, तर सकिएन। त्यसरी परीक्षण गर्दा हुन्छ कि भनियो। त्यसअनुसार अगाडि बढेन। अर्को पाटो मौद्रिक नीतिले कतिपय विषय निर्धारण गर्छ। त्यसैसँग सम्बन्धित छ आयात। आयातका कारणले धेरै पैसा बाहिर गयो। त्यसपछि हुण्डीलगायतका विषय छन्। त्यसलाई नियन्त्रण गर्न अर्थ मन्त्रालय एक्लैले त सक्दैन। त्यसमा सबैको साथ सहयोग जरुरी रहन्छ। व्यवसायीका 'अण्डर इन्भ्वाइसिङ' लगायतका कुरा छन्। यी तमाम कुराले पनि समस्या पारेको छ। यसलाई समाधान गर्न मौद्रिक नीतिमार्फत सम्भव भएका कुरा त्यताबाट गर्ने र अरु विषय यताबाट गर्ने भन्ने छ। हामीले अहिले ल्याएको नीतिले निर्यातलाई प्रोत्साहन गरेको छ। निर्यातबाट पनि विदेशी मुद्रा भित्र्याउँछौं। लगानीमार्फत पनि ल्याउँछौ। जस्तैः पश्चिम सेती त्यसको एउटा उदाहरण हो। ठूला परियोजना अगाडि बढाउँछौँ। विद्युत् निर्यात भइरहेको छ। हिजो ल्याएका थियौँ, आज गएको छ।

सिमेन्ट, क्लिन्कर, जस्तापाता लगायतका कुरा पनि छन्। यसरी समग्रताबाट तरलतालाई व्यवस्थापन गर्ने काम अहिलेको नीति तथा कार्यक्रम र बजेटमार्फत दिशा तय भएको छ। त्यसमा राष्ट्र बैंकको आफ्नो भूमिका छ। अर्थ मन्त्रालयको पनि आफ्नो भूमिका छ। समग्रमा अर्थमन्त्रालय जिम्मेवार हुने कुरा लुकाइछिपाइ गर्नु पर्दैन। भाग्न पर्ने कुरा पनि छैन। तर परिस्थितिलाई कसरी हल गर्ने भन्नेमा हामी अगाडि बढेकै छौं।

**विदेशी मुद्राको सञ्चिति ओरालो लाग्दै गएको सन्दर्भमा देश श्रीलङ्काको बाटोमा छ भनेर टीकाटिप्पणी भएको छ, देश दिशातर्फ हो कि सुधारको दिशामा छौं ? स्पष्ट पारिदिनुहोस् न!**

तथ्याङ्कले सन् २०२१ देखि नै विदेशी मुद्राको सञ्चिती ओरालो लाग्ने क्रम शुरु भएको देखाउँछ। मूल्यवृद्धि पनि यसमा सम्बन्धित छ। मूल्यवृद्धि आन्तरिकभन्दा पनि बाह्य कारण बढी छ। तेलको भाउ बढ्दा सबै क्षेत्रमा प्रभाव पर्छ। कोइलाको मूल्य बढ्दा समस्या पर्छ। इन्धनको मूल्यवृद्धिको अन्तर्राष्ट्रियस्तरमा पारेको प्रभाव पनि यसमा जोडिएर आउँछ। वस्तु पहिलाको जत्ति आयात भए पनि पैसा त बढी गएको छ। यो कुराले अलिक डलरको खर्च भइरहेको छ। तर हामी अहिले पनि सेफ जोनमा छौँ। ६.६ महिनाको सेवा वस्तु खरिद गर्न सक्ने क्षमता छ। विप्रेषण पनि आइरहेको छ। त्यसलाई अघि मैले भनेको नीति र कार्यक्रमले पनि सम्बोधन गर्छ। सरदरमा मासिक २१ करोड बराबरको डलर खर्च भइरहेको देखिन्छ।

मार्जिन लगाउनेदेखि उच्च मूल्य भएका वस्तुलाई नियमन गर्ने काम पनि भएको छ। यस्तै ड्युटी बढाउने काम भइरहेको छ। आयात कम गर्ने गरिएको छ। बीचबीचमा घट्ने बढ्ने पनि भइरहेको छ। श्रीलङ्का नै हुन्छ भनेर प्रचार भइरहेको छ। त्यस्तो प्रचार गर्नेलाई म के भन्न चाहन्छु भने अहिलेको नीति तथा कार्यक्रमले त्यसलाई रोकेको छ। सरकारको सोही विषयलाई केन्द्रमा राखेर कार्यक्रम ल्यायो । खुल्ला हृदयका साथ स्वागत गर्नुपऱ्यो यो बजेटलाई।

हाम्रो अर्थतन्त्रको बनावट हेर्‍याैं भने हाम्रो पर्यटन क्षेत्रमा सुधार भइरहेको छ। कृषि क्षेत्रमा विगतको बाढीले असर गऱ्यो। अहिले रासायनिक मलको कारणले केही समस्या खडा गर्ला। समग्रमा कृषि क्षेत्रले अर्थतन्त्रलाई सहयोग गर्छ। अन्य क्षेत्रमा सकारात्मक प्रभाव परेको छ।

उद्योगको योगदान १४ प्रतिशत मात्रै छ, त्यसलाई वृद्धि गर्न लागिपरेका छौँ। विप्रेषणको आयात पनि क्रमशः वृद्धि भइरहेको छ। हाम्रा स्रोतहरूमा विविधीकरण छ। हाम्रोमा सङ्कट छैन तर बृद्धि गर्नुपर्ने आवश्यकता छ। डलर सञ्चितीलाई बढाएर सात महिना, आठ महिना पुऱ्याउने दिशामा लागेका छौँ। त्यसलाई सम्बोधन गर्ने काम अहिलेको नीति तथा कार्यक्रम र बजेटले गर्छ। हामी समाधानको दिशामा छौँ।

**केही क्षेत्रमा रसिया र युक्रेनबीचको सङ्घर्ष देखाएर पन्छिने प्रवृत्ति पनि देखिएको छ ? वास्तविकता त्यस्तै रहेछ ?**

कोही पन्छनु परेन, त्यो त तथ्य हो। तेलको मूल्य बढेको कुरा तथ्य हो। यो लुकाउने, बहानाबाजी गर्ने विषय होइन। इन्धनको मूल्यले के असर गर्छ भन्ने देखिएको छ। यो त देखेको कुरा हो, भन्ने कुरा होइन।

**अर्थतन्त्रमा देखिएको भनिएको समस्या समाधानको दिशामा छ भन्न खोज्नु भएको हो, त्यसो भए ?**

हो, हामीले अहिलेको बजेट, नीति र कार्यक्रम कार्यान्वयन गर्दै जाँदा समाधान गर्न सक्छौं, समाधानको दिशामा जान्छ। अस्थिरताबाट स्थिरता भनेका छौँ, हामीले। सक्छौँ हामी। आयातबाट क्रमशः निर्याततिर जान सक्छौँ। हामीलाई प्रकृतिले दिएको स्रोत र साधन प्रयोग गर्न सक्छौँ। केही होला कि भनेर चिन्ता गर्दा त्यसलाई सम्मान नै गर्छु। तर चिन्तालाई समाधान गर्ने योजना चाहियो। चिन्ताबाटै योजना बनेको छ, कार्यान्वयनमा जान्छ। हामीले सबैलाई आह्वान गरेका छौँ। सरोकारवाला सबैलाई आग्रह गरिएको छ। यो आह्वानले सबैलाई उत्साहित गरेको छ। सरकारले आफ्नो क्षमता प्रस्तुत गरेर अगाडि बढ्दा सफलता हासिल हुन्छ।


## बाढीपहिरोबाट सतर्क रहौं !

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा परिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहरजस्ता संरचना बनाऔं। भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं